नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

मिति :.....२०७९।१२।३०..

व्यक्तिगत घटना दर्तासम्बन्धी झलक

व्यक्तिको कानुनी पहिचान स्थापित गर्न, राज्यलाई नीति निर्माण गर्न र राज्यबाट प्रवाह हुने सेवा प्राप्तीका लागि व्यक्तिगत घटना दर्ता आवश्यक हुन्छ ।नेपालमा "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३" आएपछि २०३४ बैशाख १ गतेदेखि १० जिल्लाबाट सुरु गरी २०४७ बैशाख १ बाट नेपालभर लागु भएको व्यक्तिगत घटना दर्ता हाल राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ र नियमावली, २०७७ लगायतका कानुनद्वारा व्यवस्थित गरिएको छ । व्यक्तिगत घटना दर्ताका सम्बन्धमा विभागबाट हालसम्म सम्पादित कार्य तपसिलबमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ ।

तपसिल :

- **व्यक्तिगत घटना दर्ता (Civil Registration)** - मुलुकका ६७४३ वडामध्ये हाल ६५७६ वडाबाट विभागमै विकास गरिएको (In House Developed System) अनलाईनमा आधारित व्यक्तिगत घटना दर्ता प्रणाली मार्फत व्यवस्थित गरिएको छ। बाँकी वडाबाट समेत क्रमश: अनलाईनमार्फत घटना दर्ता गर्ने व्यवस्था मिलाइनेछ।आजका दिनसम्म २५५५७०९ जन्म (जसमध्ये एकल महिलाबाट जन्म भएका ६६३), ६४४६९४ मृत्यु, १०३०२२५ विवाह, ४२३०४ सम्बन्ध विच्छेद र ५७२९८१ बसाईं सराइ गरी जम्मा ४८४५९१३ व्यक्तिगत घटना अनलाईन मार्फत दर्ता भएका छन्। व्यक्तिगत घटना दर्ताको महत्वसम्बन्धी सचेतनाको कमी, व्यक्तिगत घटना दर्तासम्बन्धी प्रचार-प्रसारको कमी, स्रोत तथा साधनको सीमितता र दुर्गम वडाहरुमा ईन्टरनेट पहुँचको अभावका बाबजुद सन् २०२४ सम्म जन्म र मृत्युसम्बन्धी घटना दर्ता सतप्रतिशत पुन्याउनु पर्ने दायित्व छ।
- **पुराना अभिलेख डिजिटाईजेशन (Digitization)**-७५३ स्थानीय तहमध्ये ६९७ स्थानीय तहका पुराना हस्तलिखित दर्ता किताब तथा अभिलेखबाट १९६०२५२५ व्यक्तिगत घटना दर्ताका विवरण डिजिटाईजेशन गर्ने कार्य सम्पन्न गरिसकिएको छ भने बाँकी स्थानीय तहमा रहेका अभिलेखहरुको डिजिटाईजेशन प्रक्रियामा रहेका छन्।
- **प्रणाली अन्तरआवद्धता (Integration)**-हालसम्म कन्सुलर सेवा विभागको LEGAL प्रणाली, स्वास्थ्य मन्त्रालयको BRMS र DRMS प्रणाली, अध्यागमन कार्यालय, त्रि.अ.वि. को Nepali Port, राष्ट्रिय किताबखानाको PIS प्रणाली र गृह मन्त्रालयको CIMS प्रणालीसँग VERSP – MIS प्रणालीको अन्तरआवद्धता भईसकेको छ । जिल्ला प्रशासन कार्यालयले नागरिकता जारी गर्दा र अध्यागमन विभागले यात्रा अनुमति दिंदा व्यक्तिगत घटना दर्ताका विवरण रुजु गर्न, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट Vital Statistics Report तयार गर्न र जन्मदर्ता गर्दा राष्ट्रिय परिचयपत्र नम्बर (NIN) स्वत: जारी हुने व्यवस्था गर्न प्रणाली अन्तरआवद्धताको तयारी पूरा गरिएको छ। विद्यार्थी भर्ना तथा रजिष्ट्रेशन प्रयोजनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग, मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनको लागि निर्वाचन आयोगसँग, नेपाली नियोगबाट व्यक्तिगत घटना दर्ता गर्ने प्रयोजनका लागि नेपाली नियोगसँग व्यक्तिगत घटना दर्ता प्रणालीको अन्तरआवद्धता गर्ने प्रक्रिया सुरु गरिएको छ।
- **Data तथा प्रणालीको सुरक्षा:** व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालीमा संग्रहित नागरिकका सूचना तथा तथ्याङ्कको आन्तरिक तथा बाह्य जोखिमबाट सुरक्षा गर्न तथा गोपनीयता कायम गर्न यस विभागले ७३३४ वटा कार्यालयमा Virtual Private Network (VPN) सञ्जाल मिति २०७९/११/०७ गतेदेखि सञ्चालनमा ल्याइएको छ ।
- **गुनासो व्यवस्थापन:** व्यक्तिगत घटना दर्तासँग सम्बन्धित नागरिकका गुनासा सम्बोधन गर्न अनलाईन गुनासो व्यवस्थापन प्रणाली र टोल फ्रि नम्बर १६६००१९६६६६ को कल सेन्टर सञ्चालन गरिएको हुँदा घटना दर्तासम्बन्धी गुनासोका सम्बन्धमा जानकारी लिन सकिने छ ।

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np